बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय सिन्धुपाल्चोक

# सब डिभिजन वन कार्यालय जलबिरे

प.सं.:-२०८२।०८३ बलेफी गा.पा.१,सिन्धुपाल्चोक
च.नः- ६४ मिति :-२०८२।०९।१८

विषय :- सूचना टाँस सम्बन्धमा ।

श्री गाउँकार्यपालिकाको कार्यालय, जुगल गाउँपालिका ।

श्री गाउँकार्यपालिकाको कार्यालय, बलेफी गाउँपालिका ।

प्रस्तुत विषयमा, डिभिजन वन कार्यालय सिन्धुपाल्चोकद्वारा मिति २०८२।०९।१८ मा प्रकाशित *प्रस्ताव आह्वान तथा आशय/माग आह्वानको सूच*ना थान-२ यसैसाथ संलग्न राखी पठाइएको छ, प्राप्त भएपछि ताहाँको सूचना पाटीमा टाँस गरी टाँस गरेको लिखित जानकारी jalbiresdfo2022@gmail.com मा पठाइदिनुहुन सादर अनुरोध छ ।

(हरेकृष्ण चौधरी)
वन अधिकृत

बोधार्थ :-

श्री डिभिजन वन कार्यालय सिन्धुपाल्चोक :- ताहाँको च.नं. ५०९ मिति २०८२।०९।१८ को पत्रसाथ प्राप्त सूचना थान-२ यस कार्यालयको सूचना पाटीमा टाँस गरी उल्लेखित पालिकाहरुमा समेत टाँसको लागि पठाइएको व्यहोरा सादर अनुरोध छ ।

✆ ९८५११३७२९१ ✉ jalbiresdfo2022@gmail.com

## डिभिजन वन कार्यालय सिन्धुपाल्चोकको प्रस्ताव आव्हान सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।०९।१८)

यस कार्यालयको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम तर्फको बागमती प्रदेश सरकार अन्तर्गतको निम्न बमोजिमको कार्यक्रमहरु अन्तर्गत पूजिगत खर्च तर्फको तपसिल बमोजिमका कृयाकलापहरु संचालन गर्न यस कार्यालयको कार्यक्षेत्रभित्रका इच्छुक सामुदायिक विद्यालय, वन समूह, सहकारी, उपभोक्ता समितिलाई आजको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचामा प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ । म्यादभित्र प्राप्त हुन नआएको वा रीत नपुगेको प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

### तपसिल

| क्र.सं. | कार्यक्रम /क्रियाकलाप | खर्च शिर्षक | इकाई | परिमाण | बजेट रु लाखमा | लक्षित वर्ग |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम, ब. उ. शि. न. ३२९००१०२ | | | | | | |
| ११.४.१७.४५५६ | वन उद्यम संचालन/प्रोत्साहन तथा प्रविधि सहयोग गरी रोजगारी अभिवृद्धि | ३११५७ | प्याकेज | १ | ५.०० | वन समूह/निजी फर्म/सहकारी |
| ११.९.१.१३४ | नेपाली हाते कागज उद्योगको क्षमता अभिवृद्धिको लागि प्रविधि हस्तान्तरण | ३११५७ | प्याकेज | १ | ९.०० | वन समूह/निजी फर्म/सहकारी |
| वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम, ब. उ. शि. न. ३२९००१०३ | | | | | | |
| ११.४.१७.४६८३ | सामुदायिक विद्यालयमा हरियाली प्रर्वधन कार्यक्रम | ३११५७ | प्याकेज | २ | ४.०० | सामुदायिक विद्यालय |

<u>पेश गर्न पर्ने कागजातहरु</u>

१. कभर चिठी सहित प्राविधिक र आर्थिक प्रस्तावना छुट्टाछुट्टै खाममा खामवन्दी गरी पेश गर्नुपर्ने ।आर्थिक प्रस्तावको हकमा प्रस्तावक वा सम्वन्धित पालिकाले गरिने साझेदारी रकम समेत अनिवार्य रुपमा समावेश गर्नुपर्नेछ र कार्यक्रमको लागि छनौट भएपछि सम्बन्धित प्राविधिकले तयार गरेको ल. ई. पेश भएपछि मात्र सम्झौता हुने ।

२. सम्वन्धित स्थानीय तह/वडा कार्यालयको सिफारिश

३. विद्यालयको हकमा विद्यालय व्यवस्थापन समितिको निर्णय, जग्गाको लालपूर्जाको प्रतिलिपि सहित आवश्यक कागजातहरु।

४. सामुदायिक वनको हकमा आमभेलाको निर्णय सहित स्वीकृत कार्ययोजनामा वन उद्यम सम्बन्धी विषयवस्तु समावेश गरि प्रचलित वन तथा वातावरण ऐन नियमावली बमोजिम गर्नेपर्नेछ ।

५. निजी फर्म/सहकारीको हकमा फर्म दर्ता, करचूक्ता, प्यान/भ्याट दर्ता प्रमाणपत्र, नविकरण लगायतका कागजातहरु

(नोटः- गत आ. व.हरु मा यस कार्यालयबाट सेवासुविधा र अनुदान प्राप्त नगरेका सामुदायिक विद्यालय, वन समूह, निजी फर्म/सहकारी, उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ ।)

<u>थप जानकारीको लागि</u>

डिभिजन वन कार्यालय सिन्धुपाल्चोक

फोन ०११-६२०१४६, ६२०३४५

## डिभिजन वन कार्यालय सिन्धुपाल्चोकको आशय/माग आव्हान सम्वन्धी सूचना । कि १०८२।०९।१८

(प्रथम पटक सूचना प्रकाशन मिति २०८२।०९।१८)

यस कार्यालयको चालु आ. व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत संघिय सरकार तथा बागमती प्रदेश सरकार अन्तर्गत पूजिगत र चालु खर्च तर्फको तपसिल बमोजिमका कृयाकलापहरु गर्न यस कार्यालयको कार्यक्षेत्रभित्रका इच्छुक निजि फर्म/सहकारी/वन समूह/उपभोक्ता समितिलाई आजको मितिले ३० (तिस) दिन भित्र यस कार्यालयमा तोकिएको ढाँचामा आशय/माग पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।म्यादभित्र प्राप्त हुन नआएको वा रीत नपुगेको माग निवेदन उपर कुनै कारबाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

<u>तपसिल</u>

| क.सं. | कार्यक्रम /क्रियाकलाप | खर्च शिर्षक | इकाई | परिमाण | बजेट ए लाखमा | लक्षित वर्ग |
|---|---|---|---|---|---|---|
| राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम, ब.उ. शि. न. ३२९००१०२ | | | | | | |
| ११.४.१७.२९३८ | मानव वन्यजन्तु द्वन्द न्युनीकरणको लागि वैकल्पिक खेती अन्तर्गत उपयुक्त प्रजाति रोपण | ३११५७ | प्याकेज | १ | १.०० | वन समूह/निजी फर्म/सहकारी |
| ११.४.१७.४३४७ | निजी जग्गामा फलफुलका बिरुवा खरिद तथा वितरण | ३११५७ | प्याकेज | १ | ५.०० | निजी फर्म/सहकारी |
| ११.४.१७.४६४३ | भूक्षय भएको वा भूक्षय हुन सक्ने संवेदनशिल क्षेत्रमा बाँस वा अमृसो रोपण | ३११५७ | प्याकेज | १ | ५.०० | वन समूह/ निजी फर्म/सहकारी |
| ११.४.१७.४६४९ | वृक्षारोपण (सामुदायिक वन, कवुलियती वन, सार्वजनिक क्षेत्र,अतिक्रमित,नदि उकास क्षेत्र/नदि किनार क्षेत्रमा बिरुवा खरिद,ढुवानी र रोपण (वन बिरुवा,बाँस तथा अन्य प्रजाती समेत) | ३११५७ | प्याकेज | १ | ९.०० | वन समूह, उपभोक्ता समिति |
| ११.४.१७.४६४६ | बाझो छोडिएका एकै स्थानको २० रोपनी जग्गा भन्दा बढि जग्गा कृषि वन प्रर्वधन कार्यक्रम | ३११५७ | प्याकेज | १ | ५.०० | निजी फर्म/सहकारी |
| २.७.१२.२ | बाँदर लगायतका वन्यजन्तुबाट हुने कृषिवाली क्षतिको न्यूनिकरण विशेष कार्यक्रम | २२५२२ | प्याकेज | १ | ३.५० | वन समुह/ उपभोक्ता समिति |
| वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम, ब. उ. शि. न. ३२९००१०३ | | | | | | |
| ११.४.१७.४६९९ | बाँस रोपण (सामुदायिक वन/कवुलियती वन/ सार्वजनिक क्षेत्र//नदि उकास क्षेत्र/नदि किनार/खोला खोल्ची/निजी जग्गा ) | ३११५७ | प्याकेज | २ | ४.०० | वन समूह/उपभोक्ता समिति/निजी फर्म/सहकारी |
| ११.६.२५.५ | संरक्षण पोखरी निर्माण | ३११५९ | वटा | १० | १८.०० | वन समूह, उपभोक्ता समिति |
| ११.६.२५.१८० | सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन (पुराना पोखरीहरुको स्तरोन्नती समेत) | ३११५९ | पटक | १ | ५.०० | वन समूह/उपभोक्ता समिति |
| जडिबुटी विकास कार्यक्रम (संघ सशर्त अनुदान), ब. उ. शि. न. ३२९९११२४ | | | | | | |
| ११.४.१७.५७९५ | कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम | ३११५७ | प्याकेज | १ | ३.०० | वन समूह/निजी फर्म/सहकारी |
| ११.४.१७.५८१० | पकेट क्षेत्रमा जडिबुटी खेती विस्तार | ३११५७ | प्याकेज | १ | २.०० | निजी फर्म/सहकारी |
| ११.४.१७.५८१५ | प्राकृतिक जडिबुटी संरक्षण तथा खेती विस्तार | ३११५७ | प्याकेज | १ | ३.०० | वन समूह |

<u>पेश गर्न पर्ने कागजातहरु</u>

१. तोकिएको ढाँचाको निवेदन
२. कार्यसमिति/व्यवस्थापन समितिको निर्णय
३. निजी फर्म र सहकारीको हकमा दर्ता, करचूक्ता प्रमाणपत्र, प्यान दर्ता लगायतका आवश्यक कागजातहरु
४. सम्वन्धित वडा कार्यालयको सिफारिस

(नोटः- गत आ. व.हरु मा यस कार्यालयबाट सेवासुविधा र अनुदान प्राप्त नगरेका वन समूह, उपभोक्ता समिति, निजी फर्म, सहकारीलाई प्राथमिकता दिइनेछ ।)

<u>थप जानकारीको लागि</u>
डिभिजन वन कार्यालय सिन्धुपाल्चोक
फोन ०११-६२०१४६, ६२०३४५

CamScanner